# गोरखापत्र छापाखानाको कार्यविधि नियमहरू, २०१५

नेपाल राजपत्रमा प्रकाशित मिति

२०१५।८।२३

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "गोरखापत्र छापाखानाको कार्यविधि नियमहरू, २०१५" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,-

"डाइरेक्टर" भन्नाले नेपाल सरकार प्रचार विभागका डाइरेक्टरलाई सम्झनु पर्छ।

"मेनेजर" भन्नाले गोरखापत्र छापाखानाका मेनेजरलाई सम्झनु पर्छ।

३. **आवश्यक मरमत गर्न सक्ने** : गोरखापत्र छापाखानाको घर पर्खाल आदि भत्कि बिग्री मरमत गर्नु परेमा सो छापाखानाका मेनेजरले डाइरेक्टरको अनुमति लिई साल एकको मो.रू. एक हजारसम्म खर्च गर्न सक्नेछन्।

४. **गोरखापत्र छाप्ने कागज** : नेपाल सरकारको स्वीकृति बमोजिम गोरखापत्रको अतिरिक्ताङ्क वा विशेषाङ्क प्रकाशित गर्नु परेमा अतिरिक्ताङ्कको निमित्त दुई ताउसम्म र विशेषाङ्कको निमित्त चार ताउसम्म कागज डाइरेक्टरको अनुमति लिई मेनेजरले खर्च गर्न सक्नेछन्।

५. **प्रुफ र पेटीलाई कागज खर्च लेख्ने** : गोरखापत्र र नेपाल राजपत्र छाप्दा प्रुफको निमित्त खर्च भएको र गोरखापत्र र नेपाल राजपत्र ठाउँ ठाउँमा पठाउँदा पेटी बाँध्दा खर्च भएको कागज खर्चको प्रतिवेदन डाइरेक्टर छेउ पेश गर्नु पर्छ र निजले मिन्हा दिए बमोजिम गोरखापत्र छापाखानाका बही बुझाउने हाकिमले खर्च लेख्न सक्नेछन्।

६. **मालसामान खरीद गर्ने** : गोरखापत्र छापाखानालाई चाहिने कागज र मसी टाईप जस्ता विदेशबाट झिकाउनु पर्ने सबै मालसामानहरू ती माल सामानहरू भण्डारमा सकिन भन्दा एक वर्ष अघिनै मेनेजरले इष्टिमेट गरी निकासा लिई नेपाल सरकारको सेण्ट्रल पर्चेज विभागमार्फत झिकाउनु पर्छ।

तर कारणवस माथि लेखिएको व्यवस्था बमोजिम काम हुन नसकी छापाखानाको काम रोकिने अवस्था पर्न आएमा स्वीकृत बजेटमध्येको रिभल्विङ्ग फण्डबाट मेनेजरले बजार दर बुझी किफायत दरमा देहाय बमोजिम बजार खरीद गर्न वा काम गराउन सक्नेछन् :-

(क) कागज किन्न परेमा पटक एकमा बढीमा पाँचसय रुपैयाँसम्म र अरू आवश्यक मालसामान किन्नु परेमा पटक एकमा एकसय रुपैयाँ सम्मको मालसामान मेनेजरले खरीद गर्न सक्नेछन् ।

(ख) खण्ड (क) मा उल्लेख गरिएको भन्दा बढी रकमको माल सामान खरीद गर्नु परेमा मेनेजरले डाइरेक्टरको स्वीकृति लिनु पर्छ र डाइरेक्टरले पटक एकमा दुई हजार रुपैयाँसम्मको मालसामान खरीद गर्ने स्वीकृति दिन सक्नेछन् ।

(ग) मेशीन टूटफूट भै मरमत गर्नु परेमा मेनेजरले पटक एकमा बीस रुपैयाँसम्म खर्च गर्न सक्नेछन् । सो भन्दा बढी खर्च गर्नु परेमा डाइरेक्टरको स्वीकृति लिनु पर्छ र डाइरेक्टरले बढीमा पाँचसय रुपैयाँसम्म खर्च गर्ने स्वीकृति दिन सक्नेछन् ।

७. **पुराना प्रतिहरू धुल्याउने वा लिलाम गर्ने** : गोरखापत्र र नेपाल राजपत्रका दुई वर्ष भन्दा पुराना अनावश्यक प्रतिहरू मेनेजरले डाइरेक्टर प्रचार विभागले खटाएको साक्षीको रोहवरमा लिलाम गर्न वा धुल्याउन सक्नेछन् ।

८. **गोरखापत्रको बढी प्रति प्रकाशन र वितरण** : (१) विशेष कारणवस गोरखापत्र विना मूल्य वितरण गर्नु पर्ने आवश्यकता परेमा डाइरेक्टरले पाँचसय प्रति सम्म अस्थायी तवरले वितरण गराउन सक्नेछन् ।

(२) उपनियम (१) मा उल्लिखित पाँचसय प्रति मध्ये नमूनाको रुपमा एक व्यक्ति वा एक संस्थालाई एक एक प्रतिका दरले मेनेजरले वितरण गर्न सक्नेछन् र यस्तो वितरणको लगत तीन तीन महिनामा डाइरेक्टरछेउ पेश गर्नेछन् ।

९. **कागजको हिसाब राख्ने** : गोरखापत्र छापाखानामा कागजको जर्ति समेतको हिसाब कागजको किसिम साइज र एक रिममा हुने जति ताउको वजन पाउण्डमा खोली तथा वण्डलको हकमा वण्डलको तौल गरी पाउण्डमा हिसाब राखी आम्दानी खर्च गरिनेछ ।

तर गन्ती गरी लिने दिने गर्न हुने कलममा गन्ती गरी लिने दिने गरे पनि हुन्छ ।

१०. **ओभरटायम काम लगाउन सक्ने** : मेनेजरले आवश्यकतानुसार गोरखापत्र छापाखानाको कर्मचारीलाई ओभरटाइम काम लगाउन सक्नेछन् । र यसरी काम गरे वापत ती कर्मचारीलाई नेपाल सरकारबाट स्वीकृत दररेट बमोजिमको ओभरटाईम भत्ता डाइरेक्टरको निकासा लिई दिलाउन सक्नेछन् ।

११. **माल जिम्मा** : गोरखापत्र छापाखानामा भएका माल मध्ये टाइप कागज जस्ता भण्डारमा रहने माल सामान बाहेक दैनिक काममा व्यवहार गरिने मालसामानहरू सम्बन्धित फाँटका मुख्य व्यक्तिको जिम्मामा रहनेछन् । र हाल साविक हुँदा पनि फाँटको मुख्यले नै बुझ्ने बुझाउने गर्नेछन् ।

१२. **नेपाल राजपत्र र गोरखापत्रका प्रति शिघ्रतम साधनद्वारा पठाउन सक्नेछ** : मेनेजरले आवश्यक देखेमा नेपाल राजपत्र र गोरखापत्रको प्रतिहरू रेल मोटर हवाई जहाज जस्ता साधनद्वारा पठाउन र त्यसरी पठाउँदा लागेको अङ्क खर्च लेख्ने लेख्न लगाउन सक्नेछन् ।

१३. **नेपाल सरकारले व्यवस्था गर्ने** : छपाई, सिलाई, कटाई, पट्याई र ऋोडपत्र वितरण दस्तुर नयाँ ग्राहक तसल्ल गर्नेलाई कमिशन, खबर वापतमा पुरस्कार, विज्ञापन प्रकाशन दस्तुर र विज्ञापनको हकमा नेपाल सरकारले व्यवस्था गरे बमोजिम  हुनेछ ।

१४. **यी नियमहरू बमोजिम हुने** : यी नियमहरूमा लेखिएका कुरामा यी नियमहरू बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

---

द्रष्टव्य : केही नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रूपान्तर भएका शब्दहरू :
“गजेट” र “रिपोर्ट” को सट्टा “राजपत्र” र “प्रतिवेदन” ।